# साना उद्यम विकास कार्यक्रम सम्बन्धि कार्यविधि
# २०७९

## शितगंगा नगरपालिका
### नगरकार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची

लुम्बिनी प्रदेश, नेपाल

## साना उद्यम विकास कार्यक्रम सम्बन्धि कार्यविधि २०७९

**प्रस्तावनाः**

-शितगंगा नगरपालिका भित्र पर्याप्त रोजगारीको सृजना गरी नगर वासीहरुलाइ आय आर्जन तर्फ उन्मुख गराइ सहज जिवन यापनको लागी र्आत्म निर्भर बनाउने उद्देश्यले साना उद्यम विकास कार्यक्रम सम्बन्धि कार्यविधि २०७९ बनाइएको छ ।

### परिच्छेद -१
### .संक्षिप्त नाम र प्रारम्भ

१. यस कार्यविधिको नाम " **साना उद्यम विकास कार्यक्रम सम्बन्धि कार्यविधि २०७९**" रहने छ ।

२. यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएपश्चात प्रारम्भ हुने छ ।

३.परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "अनुगमन समिति" भन्नाले यसै कार्यविधिको दफा २२ को उपदफा २ बमोजिम गठित समिति सम्झनु पर्छ ।

(ख) “आधारभूत सीप विकास तालिम” भन्नाले व्यवसाय स्थापना, विकास तथा प्रवर्द्धनका लागि आवश्यक पर्ने सुरुको प्राविधिक सीपमूलक तालिम सम्झनु पर्छ ।

(ग) "कार्यक्रम" भन्नाले यसै कार्यविधि बमोजिम संचालन हुने साना उद्यम विकास कार्यक्रम सम्झनुपर्छ ।

(घ) “गरीव” भन्नाले नेपाल सरकारले समय समयमा तोकेको राष्ट्रिय वा क्षेत्रगत गरीविको रेखामुनि रहेका व्यक्ति वा परिवार सम्झनु पर्छ र सो शब्दले नेपाल सरकारले गरिवीको पहिचान खुल्ने गरी वितरण गरेको परिचय पत्र प्राप्त व्यक्ति वा परिवारको सदस्य समेतलाई जनाउँछ ।

४. **कार्यक्रमको लक्ष्य**: शितगंगा नगरपालिकामा रहेका स्थानीय कच्चा पदार्थ समेतको प्रयोग गरी यस नगरपालिका भित्रका महिला तथा युवाहरुलाइ सिपमा आधारित लघु घरेलु

तथा साना उद्यमको स्थापनाका साथै वेरोजगार युवाहरु लाइ व्यवसाय गर्न प्रोत्साहित गरी उद्योगको विकास तथा आयस्तरमा सुधारल्याई आम नागरिकलाई रोजगार तथा स्वरोजगार र व्यवसायी बनाउने यो कार्यक्रमको लक्ष्य हुनेछ ।

**५. यस कार्यक्रमको उद्देश्य देहाय अनुसार रहेका छन:**

क. स्थानीय स्रोत र साधनको प्रयोग गरी उपभोग योग्य सामान उत्पादन गर्ने ।

ख. स्थानीय स्तरमा कपडा बुनाइ तालिम संचालन गरी साना उद्यमको रुपमा विकास गरी कपडा उत्पादन गर्ने र नगरपालिका भित्र स्थानीय उत्पादनलाइ प्रयोग गर्न प्रोत्साहान गर्ने ।

**६. यस कार्यक्रमको कार्यान्वयन गर्न निम्नानुसारको रणनीति अपनाइने छ :**

क. नगरपालिका क्षेत्रभित्र स्थायी बसोबास गरेका युवा महिला/पुरुष वेरोजगार व्यक्तिहरु लाइ सहभागी गराइने छ ।

ख. स्थानीय स्तरमा उपलब्ध श्रोत र साधनको प्रयोगबाट सञ्चालन गर्न सकिने उद्यमको स्थापनामा जोड दिइने छ ।

ग. कार्यक्रम संचालन गर्नुपूर्व आवश्यक भएमा अभिमुखीकरण तालिमको व्यवस्था गर्न सकिनेछ ।

घ. तालिम संचालनको लागी आवश्यक पर्ने मेशिन औजार उपकरण तथा कच्चा सामाग्री नगरपालिकाले व्यवस्था गर्नेछ । तालिम पश्चात उद्यमीले उत्पादन गर्न आवश्यक कच्चा पदार्थ नगरपालिकाले उपलब्ध गराउने छ र उद्धमीले उत्पादन गरेका सवै सामान नगरपालिकाले मुल्याङ्गनका आधारमा लिने र उत्पादकलाइ सो बापत उचित श्रमको मुल्य भुक्तानी गर्ने छ ।

ङ. तालिम पश्चात् उद्यम व्यवसाय संचालन गर्दा आवश्यक पर्ने औजार उपकरण खरिद मूल्यमा पचहत्तर प्रतिशत (७५%) अनुदान दिइनेछ त्यसरी अनुदान प्राप्त औजार उपकरण ५ वर्ष सम्म विक्रि गर्न पाईने छैन ।

च. नगरपालिकाका विषायगत शाखाको मिल्दो जुल्दो कार्यक्रममा संयुक्तरुपमा पनि कार्यक्रम सञ्चालन गर्न सकिने छ । (जस्तै रोजगार शाखाको रोजगार श्रृजना सम्वन्धि कार्यक्रम, महिला विकास शाखाको महिला लक्षित क्षमता विकास कार्यक्रम, गरिविनिवारणका लागि लघु उद्यम विकास कार्यक्रम ।)

## परिच्छेद -२

## तालिम सञ्चालन तथा व्यवस्थापन

७. तालिम सञ्चालन तथा व्यवस्थापनः यस कार्यविधि बमोजिम तालिम कार्यक्रम सञ्चालन तथा व्यवस्थापनको सम्पूर्ण कार्य नगरपालिकाबाट हुनेछ।

(।) कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका लागि तपशिल वमोजिमको एक निर्देशन समिति रहने छ ।

| | |
|---|---|
| (क) नगर प्रमुख | संयोजक |
| (ख) नगर उप प्रमुख | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधकृत | सदस्य |
| (घ) आर्थिक विकास सिमिति संयोजक | सदस्य |
| (ड) योजना शाखा प्रमुख | सदस्य |
| (च) महिलाविकास शाखा प्रमुख | सदस्य |
| (छ) उद्योग विकास शाखा प्रमुख | सदस्य सचिव |

(। ।) निर्देशन समितिको काम कर्तव्य र अधिकार :

(क) कार्यक्रम सञ्चालन सम्वन्धमा योजना वनाउने ।

(ख) वार्षिक कार्य योजना स्वीकृत गर्ने ।

(ग) आश्यक्ता अनुसार नीति निर्माण तथा निर्देशन दिने ।

(घ)कार्यक्रम सञ्चालनमा सहजीकरण गर्ने ।

**१०. तालिम कार्यक्रमको छनोट : तालिम कार्यक्रमको विषय छनोट गर्दा देहायका आधारलाई ध्यान दिनुपर्नेछ:**

(क) स्थानीय स्तरमा सञ्चालित लघु, घरेलु तथा साना उद्योग स्थापना तथा प्रवर्द्धनमा सघाउ पुर्याउने विषय,

(ख) स्थानीय स्तरमा उपलब्ध कच्चा पदार्थ, परम्परागत सीप प्रविधिको व्यावसायिक उपयोग हुने विषय,

(ग) स्वदेशी तथा वैदेशिक रोजगारीको दृष्टिकोणले उपयोगी देखिएका विषय,

(घ) रोजगारी प्राप्ति तथा स्वरोजगारीको अवसर सृजना गर्नसक्ने सम्भावना देखिएका विषय,

११. तालिमको प्रकारः (१) नगरपालिकको नीति तथा कार्यक्रम, स्वीकृत वार्पिक कार्यक्रम एवं वजेटको परिधिभित्ररहीन गरपालिकाले देहायवमोजिमका तालिमसञ्चालन तथा व्यवस्थापन गर्नेछ:

(ख) आधारभूत सीप विकास तालिम (Basic skill Development Training),

(ग) सीपअ भिवृद्धि तालिम (Advanced Training),

(ङ) आवश्यकताका आधारमा नगरपालिकाले निर्धारण गरेको अन्य तालिम कार्यक्रम ।

१२. प्रशिक्षार्थी सङ्ख्या निर्धारण र समुह निर्माण:

(१) तालिम कार्यक्रम सञ्चालनका लागि नगरपालिकाले प्रशिक्षार्थीको सङ्ख्या र समूह निर्धारण गर्दा उपलब्ध श्रोत साधन, मेशिन औजार, कच्चा पदार्थ, लक्षित समूह, तालिम प्रदायक संस्थाको क्षमता तथा उपस्थिति, भौगोलिक अवस्था, प्रशिक्षकको उपलब्धता, तालिमको व्यवस्थापनमा सहजता लगायतका पक्ष लाई विचार गरी निर्धारण गर्नु पर्नेछ।

१३. प्रशिक्षार्थीमा हुनुपर्ने आवश्यक योग्यता:

(१) तालिम कार्यक्रममा सहभागी हुने प्रशिक्षार्थीको देहाय वमोजिम योग्यता हुनुपर्नेछ:

(क) नगरपिलका भित्र वसोबास गर्ने नेपाली नागरिक,

(ख) १८ वर्षउमेर पुरा भइ ४० वर्ष ननाघेको र

१४. प्रशिक्षार्थी छनोट प्रक्रिया :

(१) नगरपलिकाले तयार गरेको तालिम कार्यक्रमको आवश्यकता पहिचान समेतका आधारमा छनोट गरेको तालिमको विषयमा आवश्यक प्रशिक्षार्थी छनोट गर्नुपर्नेछ ।

(२) उपदफा (१) वमोजिम प्रशिक्षार्थी छनोट गर्दा नगरपालिकाले तोकेको सूचना प्रणाली मार्फत निवेदन वा दरखास्त दिने गरी कम्तीमा पन्ध्र दिनको समय राखी प्रचलित कानून बमोजिम सूचना प्रकाशन द्वारा दरखास्त आव्हान गर्नु पर्नेछ। तालिम लिन इच्छुक व्यित्तिले अनुसूची १ को ढाँचामा निवेदन दिनुपर्ने छ ।

१६. यस कार्यविधि बमोजिम तालिम लिएका प्रशिक्षार्थीको अनुगमन तालिम अवधी भित्र अनुगमन समितिबाट गरिनेछ ।

१९. तालिम प्राप्तगर्ने प्रशिक्षार्थीको योग्यता खुलाउनु आवश्यक देखिएमा तालिमको प्रकृति अनुसार नगरपालिकाले सूचना प्रकाशन गर्दा आवश्यक योग्यता खुलाई सूचना प्रकाशन गर्न सक्नेछ ।

२०. तालिम सञ्चालनमा प्रशिक्षक, सहायक प्रशिक्षक, सहभागी प्रशिक्षार्थिको सेवा सुविधा र खर्चको नर्मश अनुसूची ४ मा उल्लेख भए बमिजम हुनेछ ।

२१. यो कार्यक्रम शितगंगा नगरपालिकाको क्षेत्र भित्र लागूहुनेछ ।

## परिच्छेद-३

## अनुगमन- मूल्याङ्कन प्रक्रिया

२२. अनुगमन समिति:

(१). यस कार्यक्रम लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका निम्ति एकअनुगमन समिति गठन गरिनेछ.

(२) अनुगमन समितिको गठनदेहाय अनुसार हुनेछ :

क. नगर उपप्रमुख - संयोजक

ख. प्रमुख प्रशासकीय अधिकृत वा तोकिएको अधिकृत कर्मचारी- सदस्य

ग. आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

घ आर्थिक समिति सदस्य वा सदस्य सदस्य

ङ सम्वन्धित शाखाको प्रमुख वा निजले तोकेको कर्मचारी सदस्य सचिव

(३) तालिम नियमित संचालन एवं व्यवस्थित रुपमा भएको छ वा छैन भनि नगरपालिकाले नियमित अनुगमन गर्न सक्नेछ ।

२३ बाधा अड्काउ फुकाउ

यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकको वैठकबाट फुकाउन सकिने छ ।

# अनुसूची-१

## निवेदन / दरखास्तको ढाँचा

श्री शितगगा नगरपालिका,

उद्योग विकास शाखा, ठाडा, अर्घाखाँची ।

विषाय : तालिममा सहभागी हुन पाउँ ।

महोदय,

त्यस नगरपालिकाबाट मिति...................... मा प्रकाशित सूचना अनुसार सञ्चालन गरिने........................विषयको सीप विकास/ स्तरउन्नती /उद्यमशीलता विकास तालिममा सरिकहुने मेरो इच्छा भएकोले निम्नानुसार व्यक्तिगत विवरण भरी संलग्न कागजातको प्रतिलिपि सहित योनिवेदन पेशगरेकी/गरेकोछु ।

१निवेदकको नाम, थर :

२ बावु वा पतिको नाम थर :

३.ठेगाना : (क) स्थायी ठेगानाः शितगगा नगरपालिका वडा नं गाउँटोल

(ख) ना प्र न : उमेर :

(ग) सम्पर्क टेलिफोन नं. (घ) इमेलः

४. लिङ्ग : पुरुष /महिला

५ वैवाहिक स्थिति : विवाहित/अविवाहित/एकल

६ शैक्षिक योग्यताः

७. परिवारकोकिसिम र सङ्ख्याःएकल/संयुक्त, ..... जना

८. हालकोपेशाः

९. परिवारकोआयआर्जनकोमुख्यश्रोत :

१०. पारिवारिकस्वामित्वमारहेकोजग्गा र ठेगानाः

११. परिवारकोअन्दाजीवार्षिकआम्दानीरु.

१३. यो तालिम लिन चाहनुको मुख्य कारण:

आवेदकको सही

मिति:

संलग्न कागजात

१. नागरिकताको प्रमाणपत्रको प्रतिलिपी/पहिचान पत्रको प्रतिलिपी

२. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि (एउटा मात्र)

अनुसूची -२

प्रमाणपत्र नम्बर

<u>तालिम प्रमाणपत्रको ढाँचा</u>

शितगंगा नगरपलिका

नगरकार्यपालिकको कार्यालय

फोटो

ठाडा अर्घाखाँची

लुम्बिनि प्रदेश नेपाल

**<u>प्रमाणपत्र</u>**

यस नगरपालिकाको अयोजनामा उद्यम विकास कार्यक्रम अन्तर्गत मिति २० / / गते देखि २० / / गते सम्म सञ्चालित ... ..................विषयको सीप विकास/ स्तरउन्नति / उद्यमशिलता विकास तालिममा सहभागी हुनु भईसफलतापूर्वक तालिम सम्पन्न गर्नुहुने लुम्बिनि प्रदेश अर्घाखाँची जिल्ला शितगंगा नगरपलिका वडानं. .......वस्ने श्री .................................. लाइस धन्यवाद योप्रमाण-पत्रप्रदान गरिएको छ ।

| | | |
|---|---|---|
| ...................... | ................. | ................. |
| तालिम प्रशिक्षक | प्रमुख प्रशासकीय अधिकृत | नगर प्रमुख |

**अनुसूची ३**

शितगंगानगरपालिका
नगरकार्यपालिकको कार्यालय
ठाडा, अर्घाखाँची

# उद्यम विकास कार्यक्रमतालिम सम्पन्न प्रतिवेदन

१).तालिमको विषय :–   २) संचालन स्थल :-

३).संचालन सुरु मिति :-   ४) समापन मिति :-

५).तालिममा सहभागी संख्या :- महिला..... पुरुष....... जम्मा   ६) तालिम प्रशिक्षक :-

७).तालिममा प्रयोग गरिएका औजार उपकरण :-

| सि.नं. | बिवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |

८) तालिममा प्रयोग भएका सामान :

| सि.नं. | बिवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |

९) तालिममा सिकाइएका बिषयहरु :-

| सि.नं. | सिकाइएका बिषय | गरिएक ाक्रियाकलापहरु | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

१०) उत्पादित सामाग्रीको विवरण :-

| सि. नं. | उत्पादीत सामानको नाम | संख्या | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २ | | | | | |
| | जम्मा | | | | |

११) तालिमका उपलव्धी :-

१२) प्रशिक्षकको समग्र मुल्यांकन :-

१३) निश्कर्ष :-

.................... / ........................ ..........................

उद्यम विकास सहजकर्ता प्रशिक्षक

## अनुसूची ४

(दफा २० सँग सम्बन्धित)

तालिम सञ्चालन गर्न अवश्यक खर्चको पिरधी (नर्मश) निम्नानुसार हुनेछ ।

(१)— प्रशिक्षक (श्रोत व्यक्ति) :

(क) विज्ञको रुपमा बैक, सफल उद्यमी वा अन्य भए प्रति कक्षा रु १५००।० हुनेछ ।

(ख) सिप विकास तथा स्तरउन्नति तालिम सञ्चालक प्रशिक्षकसेवा करारमा लिंदा तालिमको विषय अनुसार योग्यता तालिम अनुभवको अधारमा

(।) छोटो अवधिको तालिम १५ दिन सम्मका लागि प्रति कक्षा रु १०००।० ले दैनिक ४ कक्षाले वढीमा रु ४०००।० सम्म हुनेछ ।

(।।) मध्यम तथा लामो अविधको तालिमको प्रशिक्षकका लागि लेवल १ वा सो सरहको योग्यता अनुभव भएका लागि नेपाल सरकारले तोके बमोजिम चौथो तह सरह तथा लेवल २ वा सो सरहको योग्यता अनुभव भएका लागि पाँचौ तह सरह सम्म पारिश्रमिक र घर ठेगाना बाट कार्यालय तालिम स्थल सम्म आते जाते यातायात खर्च उपलव्ध हुनेछ ।

(२) सहभागीलाइ खाजा : सिप विकास उद्यमिशलता विकास तथा स्तर उन्नति तालिममा सहभागीहरु र प्रशिक्षक सहायक प्रशिक्षक समेतलाइ हाजिर भएको दिनमात्रको प्रति दिन रु १५०।०सम्म का दरले (वजेटको अवस्था हेरी) खाजा खर्चको व्यवस्था हुनेछ । यसरी खाजा खर्च खाजा नै वा नगद पनि उपलव्ध गराउन सिकने छ ।

(३) तालिममा स्टेशनरी : सिप विकास उद्यमिशलता विकास तथा स्तर उन्नति तालिममा सहभागीहरुलाइ तालिममा सिकेका कुरा नोट गर्न नोट बुक डटपेन लगाएत अन्य स्टेशनरी कालागि प्रति सहभागि रु १५०।० सम्मका दरले खर्च गर्न सकिने छ ।

(४) तालिम व्यानर: प्रत्येक तालिमकालागि एक थान व्यान वनाइने छ से का लागि रु १०००।० सम्म खर्च लेख्न सकिने छ ।

(५) कच्चा सामग्री खर्च : तालिमका लागि अवश्यक सामग्री प्रिशक्षकको इष्टिमेट र वजार मूल्यको अधारमा वजेटको अवस्था हेरीमितव्ययी हिसावले खर्च गर्नु पर्नेछ ।

(६) तालिम सञ्चालनका लागि औजार उपकरण : तालिमको प्रकृति हेरी कम्तिमा २ नजाको लागि १ सेट सामान उपलव्ध गराउनु पर्ने छ । सो का लागि आवश्यक रकम वजार मुल्य वमोजिम हुने छ ।

(७) तालिम शुभारम्भ तथा समापनमा खर्च : तालिम सञ्चालन गर्दा सहभागि तथा आमन्त्रित अतिथिहरुलाइ खाजा चिया खर्चमा सहभागीको उपस्थितिको अवस्था अनुसार मितव्ययी किसिमको खर्च गर्न सकिने छ । यसको अधिकतम प्रति कार्यक्रम सिमा रु ५०००।०

भन्दा वढी हुने छैन ।

(८) अन्य खर्च : तालिम सञ्चालनका लागि आवश्यक पर्ने अन्य सहायक सामग्री खरिद तथा प्रयोग तत्कालको आवश्यकता र औचित्यताको आधारमा विनियोजित वजेटको परिधि भित्र रही खर्च गर्न वाधा पर्ने छैन ।

प्रमाणिकरण मितिः २०७९/११/३०

आज्ञाले

झबिन्द्र खनाल

प्रमुख प्रशासकीय अधिकृत